# स्थानीय राजपत्र

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : ९ संख्या : २ मिति :२०८२/०५/१६


**भाग –२**

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चन्द्रपुर नगरपालिकाको नगरकार्यपालिकाले स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

**प्रस्तावनाः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसरमार्फत निरन्तर सिकाइका लागि सबै नागरिकको शैक्षिक अधिकार सुनिश्चित गर्न नेपालको संविधान, २०७२ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०८० लाई कार्यान्वयन गर्न, सिकाइलाई निरन्तरता दिन र प्रमाणीकरण गर्न आवश्यक भएकाले चन्द्रपुर नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा (२) बमोजिम दिएको अधिकार प्रयोग गरि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ रहेको छ।

(२) यो कार्यविधि चन्द्रपुर नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागुहुने छ।

## परिच्छेद-२

## परिभाषा

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ।

ग) "कार्यविधि" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ सम्झनुपर्छ।

घ) "प्रारूप" भन्नाले अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०८० सम्झनुपर्छ।

ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

च) "समिति" भन्नाले कार्यान्वयन समिति सम्झनुपर्छ।

छ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले नेपाल सरकार वा स्थानीय तहबाट अनुमति लिई सञ्चालित सामुदायिक सिकाइ केन्द्र सम्झनुपर्छ।

ज) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालय प्रणाली बाहिर सञ्चालन हुने साक्षरता, सीप, जीवनोपयोगी सिकाइलाई सम्झनुपर्छ।

झ) "आजीवन सिकाइ" भन्नाले व्यक्तिको जीवनभर निरन्तर रुपमा सिक्ने प्रक्रियालाई सम्झनुपर्छ।

ञ) "स्थानीय तह" भन्नाले चन्द्रपुर नगरपालिकालाई सम्झनुपर्छ।

ट) "मातृ विद्यालय" भन्नाले अनौपचारिक शिक्षा प्राप्त गरेका व्यक्तिहरुलाई तहगत सक्षमता प्रमाणपत्र जारी गर्न तोकिएको विद्यालय सम्झनुपर्छ।

## परिच्छेद -३

## उद्देश्य

**३. १ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको उद्देशयहरु देहाय बमोजिमको हुनेछन्।**

क) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको अभिन्न अंगका रुपमा विकास गर्नु,

ख) विद्यालय शिक्षाको अवसर नपाएका, बिचैमा विद्यालय छाडेका र इच्छुक व्यक्तिलाई आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा अवसर प्रदान गर्नु,

ग) सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ संस्कृतिको प्रवर्धन गर्नु,

घ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको व्यवस्थापन गर्नु,

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान र सीपको स्तरीकरण तथा प्रमाणीकरण गर्नु,

CS CamScanner

## परिच्छेद-४
## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको स्वरूप

**४. १ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको स्वरुप देहाय बमोजिम हुनेछः**

**क) साक्षरता शिक्षाः** स्थानीय तहले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने निरक्षर नागरिकका लागि साक्षरताका कार्यक्रम सञ्चालन गर्ने । स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदि परिचालन गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

**ख) बैकल्पिक शैक्षिक कार्यक्रम;** कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बीचैमा पढाई छाडेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई **संश्लेषित पाठ्यक्रमको** आधारमा आधारभुत तह (तह ३) को बैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्नेछ।

**ग) अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम :** माध्यमिक शिक्षाको अवसरवाट बञ्चित व्यक्तिहरुलाई लक्षित गरी माध्यमिक तह (तह ४ र तह ५) सम्म अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्नेछ ।

**घ) ज्ञान, सिप तथा दक्षताको परीक्षण :** यस अन्तर्गत आधारभुत तथा माध्यमिक तहको शिक्षाको अवसरबाट वञ्चित भएका युवायुवती, किशोर, किशोरी तथा प्रौढहरुको लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरे अनुसार ज्ञान, सिप तथा दक्षताको प्रमाणीकरण गर्नेछ ।

## परिच्छेद-५
## कार्यान्वयन समितिको गठन

**५ .१ कार्यान्वयन समितिको गठनः** चन्द्रपुर नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमको प्रभावकारी सञ्चालन र कार्यान्वयन गर्नको लागि देहाय बमोजिमको कार्यान्वयन समिति गठन गर्नेछ।

| | |
|---|---|
| क) नगर प्रमुख | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) मातृ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना | - सदस्य |
| घ) नगरपालिकामा प्राविधिकधार सञ्चालित विद्यालय प्रतिनिधि १ जना | -सदस्य |
| ङ) रोजगार शाखा प्रमुख १ जना | - सदस्य |
| च) सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष १ जना | - सदस्य |

CamScanner

छ) शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरु मध्येबाट १ जना - सदस्य

ज) प्र.अ. शिक्षकहरु मध्येबाट १ जना महिला सहित २ जना - सदस्य

झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**५.२ कार्यान्वयन समिति काम कर्तव्य र अधिकारः कार्यान्वयन समिति काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।**

क) नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरु विस्तार गर्नु।

ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण एवम् प्रबोधीकरण गर्नु।

ग) संस्थागत क्षमता विकास गर्नु।

घ) मातृ तथा केन्द्र तोक्नु।

ङ) नमुना सिकाइ सामग्री विकास तथा व्यवस्थापन गर्नु।

च) आवश्यकता अनुसार ज्ञान, सीप, दक्षताको परीक्षण प्रमाणीकरणको व्यवस्थापन गर्नु।

छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघ र प्रदेश सरकार बीच समन्वय गर्नु।

ज) कार्यक्रमको गुणस्तर सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि आवश्यक निर्देशन दिनु।

झ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि थप सिकाइ सामग्री विकास तथा व्यवस्थापन गर्नु।

ञ) स्वीकृत पाठ्यक्रम अनुसारका पाठ्य, श्रव्य, श्रव्यदृश्य, मल्टिमिडिया र अन्य प्रकारका मुख्य सामग्री विकास र परीक्षण गरी प्रयोग गर्नु।

ट).तह १ देखि तह ३ सम्मका सिकारुहरुको सिकाइको प्रमाणिकरण गर्ने अधिकार मातृ विद्यालयलाई प्रदान गर्नु।

ठ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अनुगमन गर्दा नीति तथा मापदण्ड अनुसार संस्थाहरु सञ्चालन भए नभएको, तोकिएको पाठ्यक्रम तथा सिकाई सामग्री प्रयोग भए नभएको, तोकिए अनुसारका अभिलेख व्यवस्थापन भए नभएको आदि पक्षहरुको अनुगमन गर्नु।

ड) सार्वजनिक /निजी क्षेत्रको लागत साझेदारीका आधारमा अनौपचारिक तथा आजीवन सिकाइका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न समन्वय र सहजीकरण गर्नु।

**५.३ कार्यान्वयन समितिको नियमित बैठकः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन समितिले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार विज्ञ समिति निर्माण गर्न, कुनै पदाधिकारी र विज्ञलाई बैठकमा आमन्त्रण गर्न एवम् आफुमा निहित अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

५.४ यस समितिको बैठक महिनामा १ पटक वा आवश्यकता अनुसार जुनसुकै बेला बस्न सकिनेछ।

CS CamScanner

५.५ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

नगर कार्यपालिकाको कार्यालय कन्चनपुर, मधेश प्रदेश, नेपाल

## परिच्छेद-६

**६.१ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लगि सम्बन्धित कार्यक्रमको कार्यान्वयन को लागि निम्न प्रक्रिया अवलम्वन गरिनेछः**

क) सामुदायिक सिकाइ केन्द्रका परिचालक, सामाजिक परिचालक, विद्यार्थी, रोजगार संयोजक लगायतका पदाधिकरीबाट विद्यालय बाहिर रहेका बालबलिका युवा युवती तथा प्रौढहरुको तथ्याङ्क संकलन गर्ने,
ख) तथ्याकको आधारमा स्थानिय तहले आवशयकता पहिचान गरि कार्यक्रम तर्जुमा गर्ने,
ग) विद्यालय बाहिर रहेका बालबालिका तथा प्रौढहरुको लागि सामुदायिक सिकाइ केन्द्र तथा मातृ बिद्यालय मार्फत कार्यक्रम सञ्चालन गर्ने,
घ) आवश्यकता अनुसार सिकारुका लागि सिकाइ सामग्री व्यवस्थापन गर्ने,
ङ) सहभागीहरुको मातृविद्यालयबाट मूल्याङ्कन गर्न लगाइ शैक्षिक योग्यताको प्रमाणीकरण गर्ने,
च) कार्यक्रमको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,
छ) समय समयमा अभिमुखीकरण, छलफल तथा अन्तर्क्रिया कार्यक्रम संञ्चालन गर्ने

## परिच्छेद ७

## परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था

**७.१ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान, सीप तथा दक्षताको परीक्षण र प्रमाणीकरण देहाय बमोजिम हुनेछः**

क) तह १, तह २ र तह ३ को सिकाइ सक्षमताको प्रमाणीकरण सामुदायिक सिकाइ केन्द्रको संयोजनमा मातृ विद्यालयबाट हुने छ।
ख) सिकारुले तोकिएको समय अवधि भित्र कुन तहको सक्षमता परीक्षण गर्ने हो सो स्पष्ट खुल्ने गरी अनुसूची (१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।
ग) प्राप्त आवेदनहरू तहगत रुपमा रुजु गरी मातृविद्यालय या सामुदायिक सिकाइ केन्द्रले कम्प्यूटरमा प्रविष्ट गर्नु पर्ने छ।
घ) रीत पुगेका आवेदकलाई परीक्षाका लागि प्रवेश अनुमति प्रदान गर्नुपर्ने छ।
ङ) मातृविद्यालयले अन्य क्रक्षाका परीक्षा सरह सक्षमता परीक्षण समय तालिका प्रकाशन गर्नु पर्नेछ।
च) परीक्षा, परीक्षण, मूल्याङ्कन र प्रमाणीकरण सम्वन्धी व्यवस्था औपचारिक शिक्षा सरह हुने छ।
छ) मातृ विद्यालयले प्रमाणीकरण भएका सिकारुहरूको अभिलेख राखु पर्नेछ।
ज) तह १ र तह २ को सिकाइ सक्षमताको प्रमाणीकरण सामुदायिक सिकाइ केन्द्रको संयोजनमा मातृविद्यालयबाट हुनेछ।

झ) तह ३ को सिकाइ सक्षमताको प्रमाणीकरणे मातृविद्यालयको समन्वयमा स्थानीय तहबाट हुने छ।

ञ) अनौपचारिक शिक्षाको सक्षमता परीक्षण प्रमाणपत्र अनुसूची -२ बमोजिमको ढाँचामा हुनेछ।

ट) मातृ विद्यालयले अनौपचारिक शिक्षा सक्षमता प्रमाणपत्रका लागि सञ्चालन गर् परीक्षाको शूल्क निर्धारण गरी परीक्षा दस्तुर लिन सक्नेछ।

## परिच्छेद - ८

## कार्यविधिमा संशोधन

८.१ स्थानीय तहले विद्यमान ऐन तथा नियमावलीको व्यवस्था अनुरुप विभिन्न तहको सक्षमता परीक्षण तथा प्रमाणीकरण कार्यमा आवश्यक परिवर्तन गर्न परेमा कार्यविधिमा संशोधन गर्न सक्ने छ।

CamScanner

[stamp]

## अनुसूची १

## सक्षमता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी आवेदनको ढाँचा

मितिः

श्रीमान् प्रध्यानाध्यापक ज्यू,
......................मातृ विद्यालय।
चन्द्रपुर नगरपालिका, रौतहट

**विषयः सक्षमता परीक्षण गरी पाउँ।**

उपर्युक्त सम्बन्धमा मैले स्व-अध्ययन, अनौपचारिक सिकाइ, जीवन्त अनुभवका आधारमा हासिल गरेको ज्ञान तथा सिप अनौपचरिक शिक्षा पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था अनुसार सक्षमता परीक्षण प्रक्रियामा सहभागिता भई तथा प्रमाणीकरण गराई पाउन तोकिएको आवेदन दस्तुर बुझाएको सक्कल रसिद सहित यो निवेदन पेस गरेको व्यहोरा अनुरोध छ।

विवरण

| सक्षमता माग गरेको तह र कक्षा | स्वअध्ययनको प्रकार | अध्ययन गरेका मुख्य मुख्य सिकाइ क्षेत्र |
|---|---|---|
| तह १/तह २/ तह ३ | | |

अनलाईन कोर्ष गरेको/ सिकाइ सामग्री अध्ययन गरेको/ पहिला विद्यालयमा पढेको र विचैमा छाडेको/ पेसागत काममा सहभागी भएर सिकेको ज्ञान तथा सिपर अन्य अनौपचारिक तरिकाबाट सिकेको

**संलग्न कागजातहरुः**

पहिला विद्यालय शिक्षामा अध्ययन गरी विचैमा विद्यालय छाडेको भए विद्यालयबाट जारी लव्धाङ्क पत्र वा चारित्रिक प्रमाण पत्र वा अन्य सम्बन्धित दस्तावेज नेपाली नागरीकता प्रमाण पत्र / जन्मदर्ता

माथि पेश गरिएका सवै विवरणहरू सही छन्। झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
दस्तखतः
पुरा नाम र थर
प्रदेशः
जिल्लाः पालिकाः
वडानः टोलः
फोन नः इमेल(उपलब्ध भए)

CS CamScanner

**अनुसूची -२**

**मान्यता तथा सक्षमता प्रमाण पत्र**

चन्द्रपुर नगरपालिका, रौतहट

(तह १ २ र ३ को प्रमाणीकरणका लागि)

# सक्षमता परीक्षण तथा प्रमाणीकरण प्रमाण-पत्र

तह.................................. मितिः..................

प्रमाणित गरिन्छ कि ........................."प्रदेश .............जिल्ला ................नगरपालिका वडा न ..............।टोल ............बस्ने श्री............................ले अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार सक्षमता परीक्षण तथा प्रमाणीकरण समितिले सञ्चालन गरेको तह 'को परीक्षणबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु भएकोले समकक्षता तथा प्रमाणीकरण समितिको मिति ...................... को निर्णयअनुसार यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| .................. | .................... | ......................... |
| तयार गर्ने | रूजु गर्ने | प्रमाणित गर्ने |
| नाम | नाम | नाम |
| पद | पद | पद |

**आज्ञाले**

डा.श्रवण कुमार साह

प्रमुख प्रशासकीय अधिकृत

**डा.श्रवण कुमार साह**

**प्रमुख प्रशासकीय अधिकृत**